# बेनीघाट रोराङ गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०८१

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिसालटार, धादिङ
बागमती प्रदेश, नेपाल

CS CamScanner

बेनीघाट रोराङ गाउँपालिकामा स्थानीय "बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/२१

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) र बागमती प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४६ बमोजिम बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी बेनीघाट रोराङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम बेनीघाट रोराङ गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम बेनिघाट रोराङ गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ रहेको।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले वागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(घ) "प्रदेश समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनुपर्छ।

कृष्ण बहादुर थपलिया (विवेक)

CamScanner

(ङ) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनुपर्छ।

(च) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिमको नियुक्त भएको वा तोकियको अधिकारी सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२)तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनुपर्छ।

(ज) "स्थानीय बाल अधिकार समिति" भन्नाले गाउँ बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनुपर्छ।

## परिच्छेद-२

**३. गाउँ बाल अधिकार समितिको गठनः** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्द्धन गर्न बेनिघाट रोराङ गाउँपालिकामा देहाय बमोजिमको गाउँ बाल अधिकार समिति रहनेछः-

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख)अध्यक्ष/उपाध्यक्षले तोकेको महिला वडा सदस्य सहित दुइ जना वडा सदस्य -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ङ) आधारभुत अस्पतालको प्रमुख -सदस्य

(च)अध्यक्ष वा उपाध्यक्षले तोकेको माध्यमिक विद्यालयको प्रधानाध्यापक/शिक्षक -सदस्य

(छ) इलाका प्रहरी कार्यालय बेनीघाटका प्रमुख -सदस्य

(ज) वालअधिकारको क्षेत्रमा क्रियाशील गैसस प्रतिनिधी एकजना -सदस्य

(झ) गाउँ स्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य

(ट) महिला संस्था प्रतिनिधि -सदस्य

(ठ) महिला वालवालिका तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख -सदस्य सचिव

कृष्ण बहादुर पाण्डे (विवेक)
अध्यक्ष

(२) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (छ) बमोजिमको सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागूऔषधबिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, सङ्गठित अपराध, बालबालिका विरुद्धको कसुर,बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ।

**४. गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ३ बमोजिम गठन हुने गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपुर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) बाल अधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ)नेपाल पक्ष भएका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय , क्षेत्रिय सन्धी सँग सम्बन्धित स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

(च) गाउँपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पिडा तथा बाल यौन दुर्व्यबहार जस्ता सबै प्रकारका बालहिंसाको रोकथाम, निषेध र नियन्त्रन तथा बालबलिकाको उद्धार, पुनःस्थापना, संरक्षण र ब्यवस्थापन र बा वालवलिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं. १०९८ जस्ता सेवा अभिवृद्धि गर्न सहयोग र सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि

कृष्ण बहादुर थापलिया (विवेक)
अध्यक्ष

गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क संकलन, अभिलेखिकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि संचालन हुने प्रादेशिक र गाउँपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) धर्मपुत्र धर्मपरत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई गाउँपालिकामा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यबस्थित गर्न सहजीकरण गर्ने,

(ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिका र अदालतलाई सहयोग गर्ने,

(ड) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना तथा सामजिकिकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने। निर्देशन पालना नगरेमा बन्द तथा सुधार गर्न सुझाब सहित सम्बन्धित निकायमा सिफरिस गर्ने,

(ढ) गाउँपालिकाभित्र सञ्चालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभाकारीताका सम्बन्धमा देहायको बुँदाहरु अनुगमन टोली/समिति गठन गर्ने/गराउने,

- बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,
- बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन,
- वाल क्लव गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

कृष्ण बहादुर थापलिया (विवेक)
अध्यक्ष

- बाल बालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,
- बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवाकेन्द्र, पुनर्थापना केन्द्र तथा सामजिकिकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,
- बाल गृहमा आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकताअनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,
- व्यबस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालना गर्नुपर्ने कुराहरु पालना गरेको छ वा छैन,
- उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तमहितलाई ध्यान दिएको छ वा छैन,
- बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

(२) गाउँ बाल अधिकार समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारक मध्ये केहि अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्योजन गर्न सक्नेछ।

<u>५. वडा बाल अधिकार समितिको गठनः</u> गाउँपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछ।

१. वडा अध्यक्ष -अध्यक्ष

२. वडा महिला सदस्य -सदस्य

३. वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधी -सदस्य

४. वडा भित्रका सामूदायिक विद्यालयहरुका संस्थागत विद्यालयहरु मध्येवाट वडा अध्यक्षले तोकेको एक जना प्र.अ -सदस्य

५. वालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गैससबाट अध्यक्षले तोकेको प्रतिनिधि -सदस्य

६. महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि -सदस्य

कृष्ण बहादुर थापलिया (क्षेत्री)
अध्यक्ष

७. वडा बाल सञ्जाल प्रतिनिधि -सदस्य
८. बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य
९. वडा सचिव -सदस्य सचिव

## ६.वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
२. वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गर्ने अद्यावधिक गर्ने र गाउँ बाल अधिकार समिति समक्ष पठाउने।
३. वडाभित्र बालबालिकाहरु क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लव लगायतका सरोकार वाला विच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने/गराउने।
४. बालअधिकारको क्षेत्रमा स्थानीइ संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने।
५. जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने।
६. वडाभित्र बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने।
७. आवश्यकता अनुसार बालबालिकाको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने।
८. बाल अधिकारको सम्मान संरक्षण र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बाल अधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने।
९. वडाभित्र बालवालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँ बाल अधिकार समिति समक्ष पठाउने।
१०. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने/गराउने।

**७.गाउँ/वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधिः** गाउँ बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः-

१. समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ।

३. सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सोहि बैठकमा छलफल हुने विषयहरुको सूची सहित तीन दिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ।

४. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढीसदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिन्नेछ।

५. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

६. बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबार भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

७. समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य'चिवद्धारा प्रमाणित गरिनेछ।

८. समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. वैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमत्रण गर्न सकिनेछ।

कृष्ण बहादुर थपलिया (बिपेक)
अध्यक्ष

CamScanner

**८.उपसमिति वा कार्य टोली गठन गर्न सक्नेः** (१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकार कर्मीहरुमध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यसमिति वा कार्य टोली गठन गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलिको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ।

**९. विविधः** स्थानीय बाल अधिकार समितिलाई अंग्रेजिमा (Local Child Rights Board ) भनिनेछ।

कृष्ण बहादुर थापा (विजय)
अध्यक्ष